का.जि.प्र.का.द.नं. १००/०५९/६०

१० माघ २०८१,
बिहीबार
23 January, 2025
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नुहोस्

वर्ष २२, अंक ३३५ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com




### संक्रमणकालीन न्यायमा फेरि राजनीति

# द्वन्द्वपीडित थप निराश

संक्रमणकालीन न्यायसम्बन्धी आयोगमा पदाधिकारी नियुक्त गरेर न्याय सम्पादनको काम अघि नबढाइँदा न्यायको आशमा रहेका द्वन्द्वपीडित थप निराश भएका हुन् ।



पुन: सर्च कमिटी बनाएर संक्रमणकालीन न्यायसँग सम्बन्धित दुई वटै आयोगहरु गठन गरिन्छ । यसका लागि सरकारले गृहकार्य गरिरहेको छ ।

■ **रमेश लेखक**
गृहमन्त्री

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ९ माघ ।

सरकारले बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोगमा सचिव हेरफेर गरेको छ । यही माघ ७ गतेको मन्त्रिपरिषद्को बैठकले आयोगका सचिव लोकराज पराजुलीको महान्यायाधिवक्ताको कार्यालयको नायब महान्यायाधिवक्ता पदमा र महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता खेमराज ज्ञवालीको बेपत्ता पारिएका व्यक्तिहरुको छानबिन आयोगको सचिव पदमा सरुवा गर्ने निर्णय हो । तर, आयोगका पदाधिकारी नियुक्तिबारे मन्त्रिपरिषद्ले कुनै निर्णय गरेन ।

सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग २०७९ साउनदेखि पदाधिकारीविहीन छन् । पछिल्लो समयमा गठित पदाधिकारी सिफारिस समिति पनि जिम्मेवारी पूरा गर्न नसकेर स्वत: निष्कृय भएको छ । तर, सरकार फेरि पदाधिकारी चयनमा सक्रिय भएको छैन । शान्ति प्रक्रियाको थाती संक्रमणकालीन न्यायसम्बन्धी कार्य टुंग्याउने गरी संसदले पारित गरेको विधेयक १३ भदौ २०८१ म राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेका थिए । विधेयक प्रमाणीकरण भएसँगै पीडितहरूमा आश पलाएको थियो । विभिन्न अन्तराष्ट्रिय संघसंस्थाले समेत त्यसको स्वागत गरेका थिए । विधेयकमा दुवै आयोगमा चार/चार जना सदस्य र एक/एक जना अध्यक्ष रहने भनिएको थियो ।

तर, राजनीतिक नेतृत्व फेरि पनि आयोगमा पदाधिकारी टुंग्याउन »» पृष्ठ २ मा

# प्रहरीमा अराजकता



प्रहरीले आचरण, अनुशासन, आश्वासन र विश्वसनीयतालाई मूलमन्त्रका रूपमा स्वीकार गर्नुपर्छ

● **चिरन जंग थापा**
सुरक्षाविद्



थकित अवस्थामा प्रहरी खट्दा त्यसको मानसिक दबाबको असर समाजमा पर्छ नै

● **हेमन्त मल्ल**
पूर्व डिआईजी
नेपाल प्रहरी

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ९ माघ

■ **१५ पुस, चितवन** : अस्थायी प्रहरी बिट गणेशधाममा कार्यरत असई बुद्धिबहादुर भुजेलद्वारा एक युवकलाई निर्घात कुटपिट

■ **असार २०७९, ललितपुर** : निदान अस्पतालमा कार्यरत डा. कुलबहादुर घिसिङमाथि प्रहरीद्वारा कुटपिट

■ **असोज २०७७, काठमाडौं** : नेपाल विद्युत् प्राधिकरणमा कार्यकारी निर्देशक कुलमान घिसिङको पुनर्नियुक्तिको माग गर्ने 'हन्ड्रेड' नामक ग्रुपका अध्यक्ष बब्लु गुप्तामाथि प्रहरीद्वारा कुटपिट

■ **असोज २०७७, जुम्ला** : जुम्लामा अनसन बसेका सत्याग्रही डा.गोविन्द केसीसँग दुर्व्यवार

यी प्रतिनिधिमूलक घटनाहरूले नागरिकमाथि प्रहरी कसरी प्रस्तुत भइरहेको देखाउँछ ।

२७ असार, २०७३ मा सरकारले नेपाल प्रहरीका नागरिक समुदाय केन्द्रित सबै कार्यक्रम तथा क्रियाकलाप 'प्रहरी मेरो साथी'को अवधारणा ल्याएको थियो । प्रहरीलाई नागकिरमैत्री बनाउन यस्तो अवधारणा ल्याएको हो ।

समाजमा 'प्रहरी मेरो साथी' हो भन्ने भावना र सम्बन्धको विकास गरेर प्रहरी संगठनको छविलाई गरिमामय तुल्याउन यो अभियान सुरु भएको हो । त्यसअघि नेपाल प्रहरीले 'मुस्कानसहितको सेवा' भन्ने नाराका साथ प्रहरीले जनतामा पुग्ने अभियान सुरु गरेको थियो ।

प्रहरीलाई झन चुस्त बनाउन ' नागरिक बिना बर्दीका प्रहरी', 'समुदाय प्रहरी साझेदारी' जस्ता अभियान पनि सुरु गरिएको थियो ।

प्रहरीलाई चुस्त बनाउन विभिन्न अभियान सुरु भएपनि »» पृष्ठ २ मा

# डढेलोको त्रास

सुक्खा मौसमको सुरुवात भएसँगै आगलागी र डढेलोको त्रास बढेको हो । यसबारे सरोकारवालाहरूले सरकारको ध्यानाकर्षण गर्न थालेका छन् भने संसदीय समितिले पूर्वतयारीको कार्ययोजना मागेर सक्रियता खोजेको छ ।

**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ९ माघ ।

काभ्रेको खानीखोला र बेथाचोक गाउँपालिकास्थित सामुदायिक वनमा भीषण आगलागी भएको छ । प्रहरीका अनुसार थामलेख (महाभारत) को सामुदायिक वनमा आगलागी भएको हो । यो आगलागीबाट ठूलै क्षति पुग्ने अनुमान गरिएको छ ।

बुधबार नै संसदीय समितिले देशभर आगलागीको सम्भावना भएका क्षेत्र र आगलागी भएपछिको सम्भावित पूर्वतयारीबारे चासो लिएको छ ।

बुधबार सिंहदरबारस्थित आफ्नै सभा कक्षमा बसेको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिले सरकारसँग डढेलो नियन्त्रणको पूर्वतयारी



कार्ययोजना नै मागेको छ ।

सरकारलाई अबको १५ दिनभित्र डढेलो नियन्त्रणको पूर्वतयारी कार्ययोजना समितिमा पेस गर्न निर्देश गरेको छ । सरकारको पूर्वतयारी कार्यायोजना हेरेर सरकारलाई थप निर्देश गर्ने समितिको तयारी छ ।

बैठकमा सांसदहरूले वन डढेलोको जोखिम न्युनिकरण र नियन्त्रणका लागि स्थानीय तह »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# स्वच्छ भर्नासम्बन्धी गोष्ठीमा व्यवसायीहरुद्वारा सेवा शुल्क तोक्न जोडदार माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ माघ

वैदेशिक रोजगार बोर्ड र नेपाल वैदेशिक रोजगार व्यावसायी संघको संयुक्त आयोजनामा दुई दिने वैदेशिक रोजगारसम्बन्धी कानुन र स्वच्छ भर्नाका विषयमा आयोजित कार्यशाला गोष्ठी सम्पन्न भएको छ । मंगलबार र बुधबार गरी करिब ७ सय वैदेशिक रोजगार व्यवसायी सहभागी कार्यक्रममा वैदेशिक रोजगार ऐन, कर, भ्याट तथा मानव बेचबिखन र स्वच्छ भर्ना प्रक्रियाका विषयमा जानकारी गराइएको थियो ।

संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगार व्यवसायीले इथिकल रिक्रुटमेन्ट अर्थात् स्वच्छ भर्ना प्रक्रियाको सुनिश्चितताका लागि यस प्रकारका कार्यशालाले सहयोग पुर्‍याउने बताए ।

पुराना व्यवसायी मदन खड्काले परिवर्तन सन्दर्भमा कर तथा भ्याटलगायतका विषयमा व्यवसायीहरूले उपयोगी जानकारी पाएकाले कार्यशाला लाभदायक भएको टिप्पणी गरे ।



बोर्डका कल्याण, पुनर्स्थापना तथा सञ्चार निर्देशक सुशीलप्रसाद आचार्यले कार्याशालामा कानुनी तथा व्यवहारिक समस्या समाधानका साथै स्वच्छ एवं मर्यादित भर्नाका सन्दर्भमा सहभागी वैदेशिक रोजगार व्यवसायीहरूबाट विभिन्न सुझाव आउनु कार्यशाला गोष्ठीका मुख्य उपलब्धि भएको बताए ।

कतिपय व्यवसायीहरूले वैदेशिक रोजगारको लागत निर्धारण गरी सेवा शुल्क तोकिनुपर्ने धारणा राख्दै सेवा शुल्क तोकिएपछि मात्रै स्वच्छ भर्ना प्रक्रियाको विषय उठाउनु व्यवहारिक हुने सुझाव दिए । केही व्यवसायीले यसप्रकारका कार्यक्रम केन्द्रमा सीमित नगरी पालिकास्तरमा लैजान सकेमात्र ठोस उपलब्धि हासिल हुने सुझाव दिए । गोष्ठीमा सहभागी स्किल लिंक म्यानपावर प्रा.लि.का सञ्चालक सूर्य बुढाथोकीले कार्यक्रम ग्रामीण तहसम्म लगेर कामदार तथा उनीहरूका परिवारलाई पनि समेट्न जरुरी रहेको सुझाव दिए । कार्यक्रमको मंगलबार श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले उद्घाटन गरेका थिए ।

## मलेसिया अध्यागमनको फरार सूचीमा २ नेपाली

**तिलोचन गौतम/मध्यान्ह**
क्वालालम्पुर, मलेसिया, ९ माघ

मलेसियाको अध्यागमन विभागले २ नेपाली नागरिक फरार अभियुक्त रहेको भन्दै सूचना जारी गरेको छ । मलेसियाको मलकास्थित अध्यागमन कार्यालयले फरार नेपाली अभियुक्तको नाम र राहदानी नम्बरसमेत सार्वजनिक गरेको छ । सूचनामा उल्लेख गरिएअनुसार फरार सूचीमा दलबहादुर स्याङ्जाली मगर र रबिना राई रहेका छन् ।

उनीहरूविरुद्ध अनुसन्धान गर्नुपर्ने भएको भन्दै अध्यागमन विभागले उनीहरूका बारेमा थाहा भए प्रहरीलाई खबर गरिदिन सर्वसाधारणलाई आग्रह समेत »» पृष्ठ २ मा

# कानुन व्यवसायीको जिम्मामा रवि

**मध्यान्ह संवाददाता**
काठमाडौं, ९ माघ

बुटवलस्थित सुप्रिम सहकारी संस्थाको बचत रकम अपचलन मुद्दामा बहस सकिएपछि रास्वपाका सभापति रवि लामिछानेलाई अदालतको आदेशमा पत्नी निकिता पौडेल र कानुन व्यवसायीको जिम्मा लगाइएको छ ।

रुपन्देही जिल्ला अदालतका न्यायाधीश प्रल्हादकुमार योगीको एकल इजलासले बिहीबार उपस्थित गराउने शर्तमा लामिछानेलाई पित्नी निकिता पौडेल र कानुन व्यवसायीको जिम्मा लगाइएको हो ।

लामिछानेसहित ४२ जनाविरुद्ध रुपन्देही जिल्ला अदालतमा आइतबार मुद्दा दर्ता भएको थियो । लामिछानेसँग ४ करोड रुपैयाँभन्दा बढी बिगो माग गरिएको छ ।

लामिछाने बुधबार कार्यालय खुलेलगत्तै अदालतमा उपस्थित भएका थिए । उनको बहस सकिएको छ । अब न्यायधीश योगीकै इजलासमा बिहीबारदेखि थुनछेक बहस हुनेछ ।

अदालतका सूचना अधिकारी अनन्तराज मरासिनीका अनुसार लामिछानेको बयान सकिएको र बिहीवारदेखिमात्रै थुनछेक बहस हुने बताइएको छ ।

'प्रतिवादी लामिछानेको बयान कार्य सकिएको छ । थुनछेक आदेश दिन नभ्याइएकाले उहाँलाई बिहीबार १० बजे अदालतमा उपस्थित गराउने गरी उहाँका कानुन व्यवसायी र उहाँकी श्रीमती निकिता पौडेल लामिछानेलाई जिम्मा लगाउने आदेश भएको छ', उनले भने । उनका अनुसार थुनछेक बहस नहुँदासम्मका लागि जिम्माजमानीमा राख्न आदेश भएको हो ।

लामिछाने, छविलाल जोशी, जीबी राईसहित पूरक अभियोगका १४ र सुरुको मुद्दाका २८ जनासहित ४२ जनाविरुद्ध त्यहाँ मुद्दा दर्ता छ । »» पृष्ठ २ मा

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघको निर्वाचनसहितको साधारण सभासम्बन्धी सूचना**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको मिति २०८१ पुस १० गते बसेको संघ कार्यसमिति बैठकको निर्णयानुसार संघको विधानको दफा २४(२) मा व्यवस्था भएबमोजिम आगामी २०८१ फागुन २ गते हुन गइरहेको संघको ३०औं र ३१औं वार्षिक साधारण सभा तथा निर्वाचनका लागि प्रमुख निर्वाचन अधिकृतसहितको समिति गठन भएको व्यहोरा सम्पूर्ण व्यवसायीज्यूहरूलाई यसै सूचनाद्वारा जानकारी गराउँदै साधारण सभामा उपस्थितिको लागि अनुरोध गरिन्छ ।

**साधारण सभामा निर्णयार्थ पेश गरिने विषयहरू (एजेण्डाहरू) :**

१. कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने प्रगति विवरण र संघद्वारा भएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन पारित गर्ने ।
२. आ.व. २०७९/०८० र २०८०/०८१ को आयव्ययको विवरणसहितको वासलातउपर छलफल गरी पारित गर्ने ।
३. आ.व. २०८१/०८२ को आयव्ययको लेखा परीक्षक नियुक्त गरी निजलाई दिने पारिश्रमिक तोक्ने ।
४. आगामी कार्यकालका लागि संघ कार्यसमितिको निर्वाचन गर्ने ।
५. विविध ।

**नोट:** यस साधारण सभाले आगामी कार्यकालका लागि कार्यसमितिको चयन गर्ने भएकाले निर्वाचनसम्बन्धी जानकारीको निम्ति निर्वाचन समितिले प्रकाशन गर्ने सूचना हेर्न र संघमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**साधारण सभासम्बन्धी थप जानकारी :**

कम्पनी संचालक समितिबाट निर्णय गराइ साधारण सभामा भाग लिनका लागि एक कम्पनीले १ जना प्रतिनिधि पठाउनुपर्ने भएकाले संघमा बाँकी रहेको **मासिक शुल्क (लेबी) भुक्तान गरी संघमा कम्पनीको लेटरहेडमा लिखित निवेदन, शेयर लागतको प्रतिलिपि, नागरिकता वा राहदानीको प्रतिलिपि र पासपोर्ट साइजको २ प्रति फोटो मिति २०८१ माघ १८ गते**भित्र प्रतिनिधि पठाइ जानकारी गराउनुहुन हार्दिक अनुरोध छ ।
साधारण सभा बस्ने स्थान, समयको बारेमा यथासक्य चाँडो सदस्यहरुलाई जानकारी गराइने छ ।

**मेघनाथ भुर्तेल**
महासचिव

**राजेन्द्र भण्डारी**
अध्यक्ष

एवम्

**नेपाल वैदेशिक रोजगार व्यवसायी संघ**
सिफल-७, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८

मध्यान्ह
www.madhyanhadaily.com
१० माघ २०८१ बिहीबार
23 January 2025, Thursday

# दलितको प्रतिनिधित्व १४ प्रतिशत सुनिश्चित गर्न माग



**काठमाडौं/मस–** दलित समुदायको लागि समानुपातिक प्रतिनिधित्व र पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गरिनुपर्ने माग राख्दै निर्वाचन आयोगलाई ३ बुँदे माग पेश गरिएको छ ।

दलितका लागि दलित अभियान नेपालका संयोजक खगेन्द्र सुनारको नेतृत्वले बुधबार आयोगमा ३ बुँदे माग पेश गरेको हो । संयोजक सुनारको नेतृत्वले नेपाल निर्वाचन आयोगको कार्यालय कान्तिपथ अगाडि प्रदर्शन समेत गरेको थियो ।

मिश्रित निर्वाचन प्रणाली कायम गर्ने हो भने प्रत्यक्षमा दलितका लागि समानुपातिक परिणाम आउने गरी निर्वाचन क्षेत्र आरक्षित गर्नुपर्ने माग राखिएको छ । यस्तै अर्को विकल्प निर्वाचन क्षेत्र आरक्षित नगर्ने हो भने दलितलाई प्रत्यक्षमा कम्तीमा समानुपातिक उम्मेद्वार दिइनुपर्ने र प्रत्यक्षबाट निर्वाचित नभएको खण्डमा समानुपातिकबाट दलितको १४ प्रतिशत प्रतिनिधित्व सुनिश्चित गरिनुपर्ने माग राखिएको छ ।

स्थानीय तहको प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष पदमा दलितको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुने व्यवस्था गरिनुपर्ने माग राखिएको छ ।

संविधानले स्वीकार गरेको दलित समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गरी एकीकृत निर्वाचन ऐन जारी गर्ने पनि माग गरिएको छ ।

## दलितलाई विभेदकारी टिप्पणी गर्नेलाई कैद

सामाजिक सञ्जाल फेसबुककमा विभेदपूर्ण टिप्पणी गर्नेलाई जिल्ला अदालत सुर्खेतले ३ महिना कैद र ३० हजार जरिवाना गरेको छ । बुधबार न्यायाधीश दीपक ढकालको एकल इजलासले जातीपातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गरेको भन्दै दैलेखकको महावु गाउँपालिका ४ का तर्कबहादुर सिंहलाई ३ महिना कैद सजाय र ३० हजार जरिवाना तिराउने फैसला गरेको हो ।

समग्र दलित समुदायमाथि अपमान तथा विभेद गर्ने गरी सिंहले सामाजिक सञ्जाल फेसबुकमा टिप्पणी गरेको भन्दै दलित अधिकारका लागि एकीकृत आन्दोलन नेपालका संयोजक गम्भीरसिंह भुलले गत साउन २२ गते जिल्ला अदालत सुर्खेतमा मुद्दा दायर गरेकोमा बुधबार अदालतले उक्त फैसला गरेको हो ।

गत साउन २ मा कर्णाली प्रदेश सरकारका प्रमुखको निजी सचिवालयमा नियुक्ति भइ कार्यरत कर्मचारीको विवरण उल्लेखित सूचना प्रकाशित भएको थियो । उक्त सूचना विनोद बुढा नाम गरेका व्यक्तिले सामाजिक सञ्जाल फेसबुकमा पोष्ट गरेकोमा प्रतिवादी सिंहले प्रदेश प्रमुखको सचिवालयमा कार्यरत कर्मचारीलाई जातीय भेदभाव गर्ने गरी 'सबै डुम छन् त यार अरु कोही रहेनछन् त' भन्दै टिप्पणी गरेका थिए । जातीय विभेद हुने गरी सिंगो दलित समुदायको आत्मसम्मानलाई चोट पुर्‍याउने सामाजिक सद्भाव भड्काउने कार्य गरेको भन्दै भुलले रिट निवेदन दायर गरेका थिए ।

# ऐन महरविरुद्ध पक्राउ पुर्जी



काठमाडौं/मस- जबरजस्ती करणी आरोप लागेका नेकपा एमालेका नेता ऐन महरविरुद्ध पक्राउ पुर्जी जारी भएको छ ।

एमाले केन्द्रीय सदस्यसमेत रहेका महरविरुद्ध उच्च अदालत पाटनले पक्राउ पुर्जी जारी गरेको हो । पीडित भनिएकी महिला रश्मिलाकुमारी धामीले मुद्दामा मुद्दा दायर गरेकी थिइन् ।

उच्च अदालत पाटनका न्यायाधीश ब्रजेशकुमार प्याकुरेल र कृष्णराम कोइरालाको इजलासले महरविरुद्ध पक्राउ गर्नका लागि पुर्जीसहितको परमादेश जारी गरेको हो ।

पूर्व अखिलका अध्यक्ष समेत रहेका महरविरुद्ध जबर जस्ती करणीको जाहेरी प्रहरी र सरकारी वकिलले दर्ता गर्न नमानेपछि पीडित अदालत पुगेकी थिइन् । उनको पक्षमा बरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी, इन्द्र अर्याल र अञ्जना अर्यालले बुधबार बहस गरेका थिए ।

आफूमाथि पटकपटक यौन शोषण भएको तर प्रतिवादीले कुनै जिम्मेवारी नलिइ निरन्तर प्रताडित गर्दै आएको भन्दै उजुरी लिएर धामी बालकोट, प्रहरी र सरकारी वकिल कार्यालय धाउँदै आएकी थिइन् । सुनुवाइ नभएपछि उनी माइतीघर मण्डलामा समेत धर्ना बसेकी थिइन् । धामीले अदालत परिसरमै विष सेवनको प्रयाससमेत गरेकी थिइन् ।

# भारतमा रेल दुर्घटना



**काठमाडौं/मस–** भारतीय राज्य महाराष्ट्रको जलगाउँ जिल्लामा बुधबार रेल दुर्घटना भएको छ । दुर्घटनामा मृत्यु हुनेको संख्या ११ पुगेको छ । लखनऊबाट मुम्बई जाँदै गरेको यो रेल महाराष्ट्रको जलगाउँ जिल्लाको रेलवे ट्र्याकमा खडा थियो ।

यात्रुहरूलाई कुनै डिब्बामा आगो लाग्ने डर थियो, त्यसैले उनीहरू ट्र्याकको अर्को छेउमा हाम फालेका थिए । त्यही समयमा कर्नाटक एक्सप्रेस त्यही ट्र्याकबाट आउँदै थियो, जसका कारण ठोकिएर केहीको मृत्यु भएको छ भने धेरै जना घाइते भएका छन् । दुर्घटनामा नेपाली समेत परेको आशंका गरिएको छ ।

# विदेश पठाउने भन्दै ठग्ने ३ पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारीमा विभिन्न देश पठाइदिन्छु भन्दै रकम ठगी गरेको आरोपमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा रौतहट बृन्दावन नगरपालिका-६ घर भइ काठमाडौं नागार्जुन नगरपालिका-४ बस्ने ३६ वर्षीय विजय साह, धनुषाको धनुषाधाम नगरपालिका-४ घर भइ ललितपुर महालक्ष्मी नगरपालिका-५ बस्ने ३२ वर्षीया नेहा अधिकारी र धादिङ नेत्रावती डबजोङ गाउँपालिका-५ घर भइ ललितपुर महानगरपालिका-२ बस्ने ४७ वर्षीया विवाह घले रहेका छन् ।

पक्राउ परेकामध्ये विजयले मलेसिया पठाइदिन्छु भन्दै १ जना पीडितबाट ८० हजार रुपैयाँ, नेहाले बेलायत पठाइदिन्छु भन्दै १ जना पीडितबाट २४ लाख ५० हजार रुपैयाँ र विवाहले जापान पठाइदिन्छु भन्दै १ जना पीडितबाट ४ लाख रुपैयाँ लिएका थिए । रकम लिएपछि फरार रहेको अवस्थामा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरी टोलीले विजयलाई काठमाडौं महानगरपालिका-२६ र नेहालाई ललितपुर महानगरपालिका-१७ बाट सोमबार तथा विवाहलाई ललितपुर महानगरपालिका-१ बाट मंगलबार पक्राउ गरेको हो ।

उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।

### द्वन्द्वपीडित...

उदासीन देखिएको छ । सरोकारवालाहरू फेरि पनि आफूहरूमाथि राजनीति भएको गुनासो गर्छन ।

यसबारे विपक्षी दलहरू भने सरकारलाई नै जिम्मेवार ठान्छन् ।

संक्रमणकालीन न्यायसँग सम्बन्धित विषयमा सरकारको प्रतिबद्धता र यससम्बन्धी कार्य अगाडि बढाउने विषयमा अब बस्ने संसद अधिवेशनमा आवाज उठाउने र सरकारको ध्यानाकर्षण गर्ने विपक्षी दलहरूको प्रतिवद्धता छ । माघ ४ गते विपक्षी दलहरूले संयुक्त वक्तव्य जारी गरेका थिए ।

जहाँ भनिएको छ,'शान्ति प्रक्रियाका बाँकी कामसँग सम्बन्धित बेपत्ता नागरिकको छानबिन र सत्य निरूपण तथा मेलमिलाप आयोग गठनको प्रक्रिया अवरुद्ध पारिएको छ । उक्त प्रक्रियालाई अबिलम्ब अघि बढाई पीडितहरूलाई न्याय दिन सरकारको गम्भीर ध्यानाकर्षण गराउँछौं ।' यसअघि पार्टीको केन्द्रीय समितिको बैठकमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले संक्रमणकालीन न्यायको विषयलाई लिएर एमालेको आलोचना गरेका थिए । एमाले नेतृत्वले संक्रमणकालीन न्यायसँग सम्बन्धित विषयलाई सत्ताको दाउपेचको विषय बनाएको उनको आरोप थियो । प्रचण्डले आफ्नो राजनीतिक प्रतिवेदनमै भनेका थिए, 'एमालेले सरकारमा रहँदा एउटा र प्रतिपक्षमा रहँदा अर्कै कुरा गर्दै आएको छ । हामीसँग सहकार्यमा हुँदा अलि नरम र सहकार्य टुटेपछि धेरै गरम हुँदा टीआरसी अगाडि बढाउन पूरै ढिलासुस्ती भएको छ ।'अर्थात, विभिन्न बाहनामा संक्रमणकालीन न्यायसम्बन्धी आयोगमा पदाधिकारी नियुक्त गरेर न्याय सम्पादनको काम अघि नबढाइँदा न्यायको आशमा रहेका पीडित थप निराश भएका हुन् ।

२०५२ साल फागुन एक गतेदेखि २०६३ साल मंसिर पाँच गतेसम्म सशस्त्र द्वन्द्व भएको थियो । त्यसबेला तत्कालीन राज्यपक्ष र तत्कालीन माओवादी विद्रोहीबीच द्वन्द्व भएको थियो । त्यसक्रममा भएका मानव अधिकारको गम्भीर उल्लंघन तथा मानवता विरुद्धको अपराधबाट पीडितहरू न्यायको पर्खाइमा छन् । २०६३ साल मंसिर ५ गते विस्तृत शान्ति सम्झौता भएको थियो । तर, शान्ति सम्झौताको १८ वर्ष भइसक्दा समेत पीडितले न्याय पाउन सकेका छैनन् । गृहमन्त्री रमेश लेखकले पुनः सर्च कमिटी बनाएर संक्रमणकालीन न्यायसँग सम्बन्धित दुई वटै आयोगहरु गठन गर्ने बताउँछन् । यसका लागि सरकारले गृहकार्य गरिरहेको उनको भनाइ छ । उनी भन्छन्, 'पुनः सर्च कमिटी बनाएर संक्रमणकालीन न्यायसँग सम्बन्धित दुई वटै आयोगहरु गठन गरिन्छ । यसका लागि सरकारले गृहकार्य गरिरहेको छ ।'

### प्रहरीमा...

नागरिकसँग २४ सै घण्टा रहने प्रहरीको केही आचरण विपरीतका कामले उसको छविमा असर परेको छ ।

आम नागरिकको सुरक्षाका लागि खटिने प्रहरीबाट नै यसरी जनता कुटिनु र दुर्व्यवार व्यहोर्नुबाट प्रहरी संगठनको गरिमामा असर परेको सुरक्षा विज्ञहरू चिन्ता प्रकट गर्छन् ।

नागरिकको सामान्य कमजोरीमा सचेत गराउने र कानुन विपरीतका कार्य गर्दा कानुनी दायरामा ल्याउनुपर्ने प्रहरी आफै नागरिकमाथि भौतिक आक्रमण गर्नु उसको चरम अनुशासनहीनता भएको उनीहरू बताउँछन् ।

नेपाल प्रहरीका पूर्वप्रहरी नायब महानिरीक्षक (डीआईजी) हेमन्त मल्लका अनुसार फिल्डमा खट्ने प्रहरीका यस्ता गतिविधिले सिंगो प्रहरी संगठनप्रति नै नागरिकको भरोसा गुम्दै गएको छ ।

'यसको कारण उनीहरूको मनोविज्ञान पनि हो । कामको दवाब यति छ कि सिंगो प्रहरी संगठनका ४० प्रतिशत प्रहरीले १४ घण्टासम्म खट्न् पर्छ', मल्लले भने, 'थकित अवस्थामा प्रहरी खट्दा त्यसको मानसिक दबाबको असर समाजमा पर्छ नै ।'

फिल्डमा खटिने प्रहरी कर्मचारीका गुनासो धेरै आउन थालेपछि तत्कालीन प्रहरी महानिरीक्षक (आईजीपी) शैलेश थापा क्षेत्रीले प्रहरी कर्मचारीका लागि २०७७ सालमा १४ बुँदे आचारसंहिता जारी गरेका थिए । आचारसंहितामा प्रहरी कर्मचारीहरूको आचरण र व्यवहारमा समयानुकूल सुधार गर्नुपर्ने कुरा उल्लेख थियो ।

आचारसंहिताको बुँदा नम्बर ७ मा लेखिएको छ, 'प्रहरी कर्मचारीले ड्युटी गर्दा तथा सेवा प्रवाह गर्दा विनम्रताका साथ सभ्य र शिष्ट बोलीचालीको प्रयोग गरी यथासम्भव शीघ्र, सहज र जवाफदेही ढंगबाट सेवा प्रदान गर्नुपर्ने र फरक क्षमता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक तथा बालबालिकाहरूलाई प्राथमिकतामा राखी सेवा प्रवाह गर्ने ।' तर यो आचारसंहिताको पालना प्रभावकारी रूपमा भएको देखिदनै ।

सुरक्षाविद् चिरन जंग थापा प्रहरीले चार वटा 'अ' को नियमलाई मूलमन्त्र बनाउन सक्नुपर्छ बताउँछन् । 'प्रहरीले सामाजिक उत्तरदायित्वसहित कानुनी राज्यका लागि काम गर्ने हो भने आचरण, अनुशासन, आश्वासन दिन सक्ने हैसियत र अनुसन्धानको विश्वसनीयतालाई मूलमन्त्रका रूपमा स्वीकार गर्नुपर्छ', उनले भने ।

प्रहरीले कुनै पनि नागरिकबाट नियमको उल्लंघन भयो भने त्यसको नियन्त्रका लागि सामान्य बल प्रयोग गर्न पाउने भए पनि अत्यधिक बल प्रयोग गरेर व्यक्तिको मानवअधिकार नै उल्लंघन हुने खालका गतिविधिप्रति प्रहरी सचेत र चनाखो हुनु पर्ने पूर्वडीआईजी मल्लको भनाइ छ ।

राम्रो आचरण र अनुशासनमा बसेको प्रहरीले अनुसन्धान गर्ने विषयलाई जनताले अविश्वास गर्ने कुरा नआउने हुँदा कानुनी राज्यको स्थापनामा देखिएका समस्याहरू धेरै हदसम्म समाधान हुने सुरक्षा विज्ञहरूको तर्क छ ।

### डढेलोको...

र समुदायलाई बढी जिम्मेवार बनाउनुपर्नेमा जोड दिएका थिए ।

उनीहरूले सामुदायिक वनको संरक्षण तथा डढेलो नियन्त्रणका लागि प्रदेश र स्थानीय तहलाई जिम्मेवार बनाउनुपर्ने बताए ।

जनता समाजवादी पाटीका सांसद वीरेन्द्रप्रसाद महतोले डढेलोलाई दुर्घटनाको रुपमा लिन नहुने बताए ।

नेपाली कांग्रेसका सांसद वीरबहादुर बलायरले आगलागीका घट्ना न्युनीकरण गर्न विपद् व्यवस्थापन प्राधिकरणलाई मजबुत बनाउन जरुरी रहेको बताए ।

अर्थात, सुक्खा मौसमको सुरुवात भएसँगै आगलागी र डढेलोको त्रास बढेको हो । यसबारे सरोकारवालाहरूले सरकारको ध्यानाकर्षण गर्न थालेका छन् भने संसदीय समितिले पूर्वतयारीको कार्ययोजना मागेर सक्रियता खोजेको छ ।

सुक्खा मौसममा नेपालमा विभिन्न क्षेत्रका जंगलमा साना तथा ठूला प्रकृतिको डढेलोको घटना वर्षेनी हुने गरेको छ । वर्षेनीका घटनाले करोडौंको धनजन क्षति हुने गरेको छ । पर्यावरणलगायत जैविक विविधता, कार्बन उत्सर्जन, पुनरुत्पादित साना बिरुवा तथा वन्यजन्तुको बासस्थानलाई समेत प्रत्यक्ष प्रभाव पार्ने गरेको छ । डढेलोलाई वन क्षयीकरणको प्रमुख कारणका रूपमा लिएर सरोकारवालाहरूले सरकारको ध्यानाकर्षण गरेका हुन् ।

एकातर्फ डढेलोको कारण साना बिरुवा जलेर सखाप बन्छन् भने अर्कोतर्फ ठूला रुख पनि पात तथा हाँगा जलेर क्रमशः मर्दै जान्छ । यसले दीर्घकालमा समेत असर गर्दछ ।

वन डढेलो रोक्न र यसबाट हुने असर न्यूनीकरण गर्न सरकारले प्रभावकारी योजना बनाउनुपर्नेमा सरोकारवालाहरूको जोड छ ।

### कानून...

यसअघि अदालतले सुप्रिम सहकारीका तत्कालीन अध्यक्ष ओमप्रकाश गुरुङलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश दिइसकेको छ ।

जिल्ला सरकारी वकिलको कार्यालय चितवन र पर्साले सहकारी संस्थाको रकम अपचलनबारे हाल अनुसन्धान जारी रहेको भन्दै लामिछानेविरुद्ध मुद्दा छिटै दर्ता गरिने बताएका छन् ।

कास्की प्रहरीले हिरासतमा रहेका बेला पक्राउ पुर्जी पाएपछि यसअघि उनलाई २७ कात्तिकमा बुटवल लगेर बयान गराइएको थियो । सो सहकारीमा रहेका १ हजार ८३१ बचतकर्ताको ८६ करोड १८ लाख २३ हजार ७५४ रुपैयाँ हिनामिना भएको आरोप छ ।

२२ जनाविरुद्ध ५५ करोड ५९ लाख ८३ हजार रुपैयाँ बिगो दाबी गरिएको छ । लामिछानेविरुद्ध २ करोड व्यक्तिगत बिगो तोकिएको छ । सामूहिकतर्फ १० करोड ९९ लाख रुपैयाँको छुट्टै बिगो माग गरिएको छ ।

लामिछानेलाई पोखराको सुर्यदर्शन सहकारी बचत अपचलन मुद्दामा र काठमाडौंको स्वर्णलक्ष्मी सहकारी मुद्दामा अदालतले धरौटीमा छाड्न आदेश दिएको थियो ।

२५ पुसमा कास्की अदालतले लामिछानेलाई ६५ लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको थियो भने २ माघमा काठमाडौं अदालतले ६० लाख रुपैयाँ धरौटीमा छाड्न आदेश दिएको थियो ।

सरकारी वकिलको कार्यालयले करिब २ साताअघि लामिछानेसहित ३९ जनाविरुद्ध स्वर्णलक्ष्मी सहकारीको बचत अपचलन गरी बचतकर्ताको रकम ठगी गरेको र त्यो कार्य सङ्गठित रूपमा भएको भन्दै मुद्दा दर्ता गराएको थियो ।

उनीहरूविरुद्ध कुल १ अर्ब १९ करोड ९५ लाख रुपैयाँ सहकारी सदस्यहरूको बचत रकम अपचलन गरेको आरोप छ ।

स्वर्णलक्ष्मी सहकारीको रकम हिनामिनाका मामिलामा दायर अभियोगपत्रमा कास्कीमा जस्तो लामिछानेसहित प्रतिवादीहरूलाई सम्पत्ति शुद्धीकरण मामिलामा भने कारबाही मागदाबी गरिएको छैन ।

### मलेसिया...

गरेको छ । मलेसियामा फरार सूचीमा नेपालीको नाम बिरलै आउने गरेको छ । उनीहरू मलेसियामा जघन्य आपराधिक क्रियाकलापमा संलग्न भएको हुनसक्ने जानकारहरू बताउँछन् ।

# भालुको आक्रमणबाट गम्भीर घाइते

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ९ माघ



जंगली भालुको आक्रमणबाट बझाङको खप्तडछान्ना गाउँपालिकामा एक महिला गम्भीर घाइते भएकी छन् । खप्तडछान्ना गाउँपालिका-४,माझी गाउँकी २८ वर्षीया अंगिरा रोकायालाई बुधबार बिहान भालुले आक्रमण गरेको हो ।

जिल्ला प्रहरी कार्यालय बझाङका अनुसार रोकाया वेडेभुवा जंगलमा घाँस काट्ने क्रममा भालुको आक्रमणमा परेकी हुन् । भालुको आक्रमणबाट उनको अनुहार र शरीरका विभिन्न भागमा गहिरो चोट लागेको छ । गम्भीर घाइते भएकी रोकायलाई तत्कालै जिल्ला अस्पताल बझाङमा उपचारका लागि पुर्‍याइएको छ । अस्पताल स्रोतका अनुसार उनको अवस्था गम्भीर भएपनि चिकित्सकको टोलीले आवश्यक उपचार जारी राखेको छ ।

# कक्षाले फेरियो जीवन

**ललित बोहरा/मध्यान्ह**
बैतडी, ९ माघ



बैतडीको सुर्नया गाउँपालिका ८ ढालेकी कवालती बोहरा अहिले बैठक, गोष्ठी तथा सरकारी र निजी संघ संस्थाका कार्यक्रममा प्रष्ट नडराइकन बोल्न सक्ने भएकी छन् । प्रहरी कार्यालय, गाउँपालिका र वडा कार्यालय लगायतका सरकारी कार्यालयहरुमा कहिले नपुगेकी उनले आफ्नो समस्या र गाउँघरमा महिलाका मुद्दामा आवाज बुलन्द पार्न थालेकी छन् । कलावती यतीमा सिमित रहिनन् । साडा नेपालले बैतडीमा सञ्चालन गरिरेको रुपान्तरणीय छलफल समुहमा सहभागि भएपछि महिलाहरुलाई एकजुट बनाएर घरेलु हिसांको मुख्य जडको रुपमा रहेको मदिरालाई नियन्त्रण गर्न लागेकी छन् । उनीहरु जुलुस र नारा लगाउँदै वडा कार्यालय पुगेका थिए ।

सुर्नया गाउँपालिका ८ ले महिलाहरुको दबाब सहन नसकेपछि सूचना जारी गर्दै घर-घरमा बिक्री तथा जुनसुकै बेला बिक्री हुने अवैध मदिरा आधिकारिक बिक्रेतालाई बिक्री गर्ने समय तोक्ने निर्णय गरेको थियो । अहिले मदिराका कारण हुने घरेलु हिंसा लगायतका घटनामा कमी आएको छ ।

जसको उदाहरण हुन् हन्सा वि.क । रुपान्तरणीय छलफल समूह (रिफलेक्ट कक्षा) मा सहभागी सिगास २ की ३० वर्षीया हन्साको जीवनको दैनिकीमा उल्लेख्य सुधार आएको छ । सधैँ मदिरा सेवन गरेर राति मात्र घर आउने उनको श्रीमान अहिले मिलेरसँगै ज्याला मजदुरीको काम गर्छन् ।

'एक दिन गाउँमा समुह गठन भयो । मदिरा लगायतका विषयमा छलफल हुने भनेपछि म पनि गए । त्यहाँ त कक्षा नै संचालन हुने रहेछ । कक्षा नियमित लिन थाले । सो अनुसार घरमा सम्झाउने गरे । श्रीमानलाई समेत परिवार संवादमा ल्याउन सके । अहिले त मेरो श्रीमान पूर्णरुपमा सुधिएका छन्' उनले भनिन् ।

कक्षा टोलमै सञ्चालन भएपछि सिगास २ की कमला टमटासहित करिब ३५ दलित घरपरिवारका घरआँगन सरसफाइ भएका छन् । सरसफाइ नगरेपछि हुने रोगव्याधीका विषयमा समुहमा भएको छलफलले घर-घरमा भाडा राख्ने च्याङ, जुठान श्रीमान श्रीमाती मिलेर बनाएको कमलाले बताइन् ।

उनले भनिन् 'जातीय छुवाछुत कमी आएको छ, कोरो दानका नाममा बालविवाह हुन्थ्यो, त्यो रोकियो ।'

महिलाहरुले कृषि व्यवसायदेखि आम्दानी बचतको लेखाजोखासम्म कक्षाबाट सिकेको मेसुमा पालरको व्यवसाय गर्ने गोमती वि.कले बताइन् । उनले भनिन् ' पालरको तालिम लिएर आएपछि कक्षामा पनि जान्थे । पहिले आम्दानीका हिसाव राख्ने गरेको थिइन् । अहिले हिसाब राख्नुपर्ने रहेछ भन्ने बुझे । घरखर्चको पनि हिसाव राख्ने गरेका छौं ।'

उनीहरुले समुहमा समाजका रहेको विकृति विसंगती र लैंगिक, सामाजिक, जातीय भेदभाव अन्त्यका लागि बृहत् छलफल गरिएको साडा नेपालका सहजकर्ता लक्ष्मी अवस्थीले बताइन् । कक्षा सञ्चालले स्थानीय तहले गर्ने नसकेको काम गरेको जनप्रतिनिधिको भनाइ छ । सरकारका तालिम दुई दिन, तीन दिन हुन्छ तर साडा नेपालले १३ महिनानै हप्ताको १ दिन सशक्तिकरणका लागि तालिम दिएको छ ।

दिदी बहिनीले आफ्नो निर्णय लिने क्षमता बढाएर बाल्ने सक्ने भएको सिगास गाउँपालिका उपाध्यक्ष धाना धामीको दाबी छ ।

उनले भनिन् 'अहिले सिगास २ र ९ का महिलाको क्षमता विकास भएको छ । समाजमा बस्ने बोल्ने भएका छन् ।'

महिलाहरु शिक्षित भएपछि सामाजिक संस्था तथा उपभोक्ता समितिका समेत चुनाव गर्नुपर्ने अवस्था भएको छ । योजना मागमा समेत महिला वडासम्म आउने गरेको सिगास गाउँपालिका १ का वडाध्यक्ष राचन्द्र ऐरीको भनाइ छ । बैतडीको सिगास र सुर्नया गाउँपालिकाका २० स्थानमा सञ्चालित कक्षामा ५ सय महिलाहरुले सहभागीता जनाएका छन् ।

छलफल समूहहरुमा साप्ताहिक वा पाक्षिक रुपमा महिलाहरु भेला भएर आफु तथा आफ्नो समुदायमा भएका सामाजिक सांस्कृतिक तथा आर्थिक सवालहरु पहिचान, प्राथमिकीरण गरी मुख्य सवालहरुमा गहिरोसँग छलफल चलाउने गरेका छन् ।

प्राथमिकता प्राप्त वा मुख्य सवालहरुका अन्तरनिहीत कारण ती सवालहरुले समाजमा रहेको कुरिति, जातिय तथा लैंगिक विभेद लगायतका विद्यमान प्रचलनहरुको बारेमा छलफल गरी समाधानका उपायहरु पत्ता लगाउने गरेका छन् । यस कार्यक्रम अन्तर्गत २० वटा समूहमा व्यापक रुपमा छलफल गरी हरेक समुहमा १२ देखि १५ सम्म मुख्य सवालहरु पहिचान भएका थिए ।

# सशस्त्रका जवानलाई १६ वर्षमै अवकाशमा जान पाउने कानुन बन्दै



**काठमाडौं/मस–** गृहमन्त्री रमेश लेखकले सशस्त्र प्रहरी ऐन संशोधन गर्न बनेको विधेयक केही दिनभित्रै संघीय संसद्अन्तर्गतको प्रतिनिधि सभामा पेश हुने बताएका छन्। २४औं सशस्त्र प्रहरी दिवसको अवसरमा बुधवबार आयोजित कार्यक्रममा गृहमन्त्री लेखकले सशस्त्र प्रहरीका जवानदेखि अधिकृतसम्मका दर्जाहरूले उठाउँदै आएका आवाजलाई सम्बोधन गरेर विधेयक तयार गरिएको बताए।

उनले जवानहरूले लामो समयदेखि उठाउँदै आएको १६ वर्षमै अवकाश जान पाउने प्रावधानलाई ऐनमा समावेश गरिएको बताए।

'प्रधानमन्त्रीलगायत सबैको सहयोगमा सशस्त्र प्रहरी बल नेपालको कानुनलाई केही दिनमै विधेयकको रूपमा संसद्मा दर्ता गर्ने सबै तयारी भएर अन्तिम रुप दिइसकेका छौं। हामी केहीदिनमा सम्बन्धित विधेयकलाई संघीय संसद्मा दर्ता गर्नेछौं। अधिकृतदेखि जवानसमेतको आवाजलाई समेटेर कानुनको तर्जुमा गरिएको छ', उनले भने, 'लामो समयदेखि सशस्त्र प्रहरी जवानहरुले उठाइरहेको १६ वर्षमा अवकाश जान पाउने प्रावधानलाई कानुनमा समावेश गरिने छ।'

लागूऔषध, सडक दुर्घटना र आत्महत्या नियन्त्रणको विषयलाई सुरक्षा निकायहरूले विशेष प्राथमिकता र गम्भीरताका साथ लिनुपर्ने उनले बताए। सशस्त्र प्रहरी देश र जनताको सेवामा निरन्तर खटिएको र आफूलाई प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेको गृहमन्त्री लेखकले बताए।

गृहमन्त्री लेखकले सीमा सुरक्षा, अवैध गतिविधि रोकथाम, विपद् व्यवस्थापनको क्रममा सशस्त्र प्रहरी बलले देखाएको दृढता प्रसंशनीय रहेको बताए।

# अध्यादेशका विषयमा एमाले सांसदहरूलाई प्रशिक्षण



**काठमाडौं/मस–** एमालेले सरकारले ल्याएको अध्यादेशहरूका विषयमा सांसदहरूलाई प्रशिक्षण दिएको छ। बुधबार एमाले संसदीय दलले अध्यादेशबारे सांसदहरूलाई प्रशिक्षण दिएको हो।

प्रमुख सचेतक महेश बर्तौलाका अनुसार सरकारले ल्याएको अध्यादेशका विषयमा जानकारी गराउन संसदीय दल र मन्त्रीहरूबीच छलफल राखिएको हो। २६ पुसमा सरकारले ५ वटा अध्यादेश ल्याएको छ।

सरकारले सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवा प्रवाहसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने बनेको अध्यादेश, आर्थिक तथा व्यवसायिक वातावरण सुधार र लगानी अभिवृद्धिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व (पहिलो संशोधन) अध्यादेश, निजीकरण ऐन, २०५० लाई संशोधन गर्न बनेको अध्यादेश र भूमिसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश ल्याएको हो।

त्यस अगाडि सहकारी सम्बन्धि अध्यादेश पनि ल्याएको थियो। सरकारको सिफारिसमा राष्ट्रपतिले १८ माघदेखि संसद अधिवेशन आह्वान गरेका छन्। अधिवेशनमा एमालेका सांसदले खेल्ने भूमिकाको विषयमा पनि छलफल हुनेछ।

# सुस्त सुदूरपश्चिम प्रदेश, २ वर्षमा एउटा पनि कानुन बनेन



**धनगढी/मस–** देश संघीय संरचनामा गएपछि प्रदेश तहमा गठन भएको सुदूरपश्चिम प्रदेशसभा गठन भएको बुधबार ७ वर्ष पूरा भएको छ।

पहिलो प्रदेशसभाको ५ वर्षे कार्यकालमा ६७ वटा कानुन बनेका थिए। बनेका कानुनमध्ये झण्डै १०/१२ कानुन संशोधन भइसकेका छन्। २०७९ को निर्वाचन पछि गठन भएको दोस्रो प्रदेशसभाले भने हालसम्म कानुन बनाउन सकेको छैन।

दोस्रो प्रदेशसभाको कार्यकाल पनि बुधवार २ वर्ष पूरा भएर तेस्रो वर्षमा प्रवेश गरेको छ। तर यो अवधिमा एउटा पनि कानुन बन्न नसकेको प्रदेशसभा सचिवालयका सूचना अधिकारी युवराज जैशीले बताए। 'यो २ वर्षमा प्रदेशसभाले ४ ऐन संशोधन गरेको छ', उनले भने, 'चालु आर्थिक वर्षको बजेट २ पटकको प्रयासमा ल्याइएको थियो।'

पहिलो प्रदेशसभाले प्रदेशमा स्थिर सरकार दिएको थियो। तर, २०७९ पछिको दोस्रो प्रदेशसभामा भने पटकपटक सरकारको नेतृत्व परिवर्तन भइसकेको छ। सरकारले प्रदेशसभालाई 'बिजनेस' दिन नसक्दा कानुन बन्न नसकिरहेको सांसदहरू बताउँछन्।

संविधानअनुसार प्रदेशस्तरमा प्रदेश व्यवस्थापिकाको भूमिका निर्वाह गरिरहेको प्रदेशसभा जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने महत्वपूर्ण संस्था हो। यसले तोकिएका विधिका माध्यमबाट शासन प्रणाली सञ्चालनका लागि नीति र कानुन निर्माण गर्ने, सरकार गठन गरी सरकारका कामको निगरानी गर्ने, बजेट पारित गर्ने काम गर्छ।

संविधान बमोजिम व्यवस्था भएको संघ, प्रदेश र स्थानीय तह गरी ३ तहको शासकीय स्वरूपमध्ये प्रदेशसभा एक महत्वपूर्ण निकाय हो। बनेका कानुनमध्ये कतिपय स्थानीय तह र प्रदेशसभाको संरचनासँग सम्बन्धित र अन्य कतिपय जनताको सेवासँग सम्बन्धित छन्। बनेका कतिपय कानुनको कार्यान्वयन फितलो देखिएको गुनासो सर्वसाधारणको छ।

सुदूरपश्चिम प्रदेशसभाले काम थालेको ७ वर्ष पूरा गरेको अवसरमा प्रदेशसभा परिसर धनगढीमा 'प्रदेशसभा दिवस २०८१' मनाइएको छ। सो अवसरमा प्रदेश प्रमुख नजिर मियाँले संघीय लोकतान्त्रिक व्यवस्थाका कारण सिंहदरबारको अधिकार गाउँमा पुगेर नागरिक लाभान्वित भइरहेको बताए। उनले प्रदेशको स्थायी राजधानी निर्माणका विषयमा ध्यान जानुपर्ने बताए। मुख्यमन्त्री कमलबहादुर शाहले संघीय लोकतान्त्रिक व्यवस्थालाई जोगाउँदै थप सुदृढ बनाउने काममा सबै एकजुट भएर लाग्नुपर्ने बताए।

संघीयताको कार्यान्वयनसँग जोडिएका कतिपय प्रावधानका कारण काम गर्न केही कठिनाइ महसुस भएकाले प्रदेश सरकार जनताका समस्या समाधान गर्न प्रयासरत रहेको मुख्यमन्त्री शाहले बताए। ७ माघ २०७४ मा आज कै दिन सुदूरपश्चिम प्रदेशसभामा निर्वाचित प्रदेशसभाका सदस्यको शपथ ग्रहण गराइएकाले यसै दिनलाई प्रदेशसभा दिवसका रूपमा मनाउने गरिएको छ।

# शीतलहरले नेपालगंजका विद्यालय बन्द



**नेपालगंज/मस–** अत्यधिक चिसोसँगै शीतलहर चलेपछि नेपालगन्ज उपमहानगरपालिकाले नेपालगंजका विद्यालयको पठनपाठन बन्द गरेको छ। बुधबारदेखि शुक्रबारसम्म तीन दिनसम्मका लागि नगरले यहाँका सबै विद्यालयको पठनपाठन बन्द गरेको हो।

पछिल्लो केही दिनयता नेपालगन्ज लगायत पश्चिम तराईमा चिसोसँगै लगातार शीतलहर चलिरहेको छ। चिसोले विद्यालय जाने विद्यार्थीलाई प्रभावित गरेकाले विद्यालय बन्द गर्नु परेको नेपालगन्ज उपमहानगरपालिका अन्तर्गतको शिक्षा, युवा तथा खेलकुद महाशाखाका उपसचिव गोर्खबहादुर थापाले बताए। चिसो मौसममा नेपालगन्जले प्रत्येक वर्ष पठनपाठन बन्द गर्ने गर्छ।

चिसोमा विद्यालय जाँदा धेरैजसो विद्यार्थीहरूमा मौसमी ज्वरो, रुघाखोकी बिरामी भएका थिए। कठ्यांग्रिँदो चिसोका कारण पढाइ प्रभावित भएपछि नगरले सबै विद्यालय बन्द गर्नु परेको उपमहानगरपालिकाले जनाएको छ। चिसो केही दिनसम्म यथावतै रहे बिदा थप बढ्न सक्ने छ। बाँकेका अन्य स्थानीय तहले भने अहिलेसम्म विद्यालयको पठनपाठन बन्द गरेका छैनन्। उनीहरूले पनि यस विषयमा आवश्यक समन्वय भइरहेको बताएका छन्। पश्चिम तराईका जिल्लामा बाक्लो हुस्सु, कुहिरोसँगको शीतलहरले जनजीवन प्रभावित पारेको छ। यहाँका सर्वसाधारण एक ठाउँबाट अर्को ठाउँ जान निकै सकस भएको देखिन्छ। चिसोबाट बच्न ठाउँ ठाउँमा आगो बालिएको छ।

# दलित बालबालिकालाई झोला वितरण



**सर्लाही/मस–** नेपाली कांग्रेसकी युवा नेतृ एवं मधेस प्रदेश कार्य समिति सदस्य शर्मिला थापाले सर्लाहीका विपन्न एवं दलित समुदायका बालबालिकाहरूलाई स्कुल झोला वितरण गरेकी छिन्।

सर्लाहीको चन्द्रनगर गाउँपालिका-१ किशनपुर गाउँस्थित दलित एवं विपन्न वर्गको समुदायमा नेतृ थापाले १ सय विपन्न तथा दलित समुदायका बालबालिकाहरूलाई स्कुल झोला वितरण गरेकी हुन्।

मधेस प्रदेशको स्वास्थ्य विभाग प्रमुख समेत रहेकी महिला नेतृ थापाले चिसोको मौसममा आर्थिक अभावका कारण विद्यार्थीहरू विद्यालय जाँदा पाठ्यपुस्तक एवं कपी राख्न झोलाको अभाव रहेको हुँदा वितरण गर्न पाउँदा निकै खुसी लागेको बताइन्।

आर्थिक अभावका कारणले ब्याग किन्ने पैसा नहुँदा विद्यार्थीहरू हात र झोलामा किताब, कापी राखेर पढ्न जाने गरेको गुनासो आएपछि पैसाको कमजोरीले झोला किन्न नसक्ने गरिब तथा विपन्न परिवारका बालबालिकालाई आफूले आफ्नो निजी लगानीमा झोला खरिद गरी उपलब्ध गराएको उनले बताइन्।

# सभापति पोखरेलका पूर्वस्वकीय सचिवविरुद्ध मुद्दा दर्ता



**विराटनगर/मस–** सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेलका पूर्वस्वकीय सचिव अनिलकुमार पोखरेलविरुद्ध ठगीको आरोपमा मुद्दा दायर भएको छ।

जिल्ला सरकारी वकिलको कार्यालयले उनीविरुद्ध ठगीसम्बन्धी मुद्दामा जिल्ला अदालत मोरङमा बुधबार मुद्दा दायर गरेको हो।

मुलुकी अपराध संहिता २०७४ को दफा २४९ को उपदफा (१) द्वारा निषेधित ऐनको उपदफा (२) बमोजिमको कसुर अपराध गरेको अभियोग सरकारी वकिलको कार्यालयले लगाएको छ।

सरकारी वकिलको कार्यालयले उनीविरुद्ध ७ वर्षसम्म कैद र ७० हजार रुपैयाँसम्म जरिवानाको माग दाबी गरेको छ। मोरङ जिल्ला अदालतका सूचना अधिकारी हेमबहादुर बुढाथोकीले प्रतिवादीसँग बिहीबार बयान हुने जानकारी दिए।

२५ पुसमा पक्राउ परेका पोखरेलले एमबिबिएसमा नाम निकालिदिने भन्दै सप्तरीको अग्नीसाईर कृष्णासवरन गाउँपालिकाका बौआलाल चौधरीसँग विभिन्न मितिमा ३८ लाख ८० हजार रुपैयाँ लिएको आरोप छ।

# नगरवासीको २४ लाख बढी विद्युत् महसुल प्राधिकरणलाई बुझाइयो

**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, ९ माघ



रौतहटको फतुवा विजयपुर नगरपालिकाले आफ्ना नगरवासीको २४ लाख बढी विद्युत् महसुल प्राधिकरणलाई बुझाएको छ। नगरपालिकाले विद्युत् महसुल वापत २४लाख ५९ हजार ९ सय रुपैयाँ बुधबार नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्र चन्द्रपुरलाई बुझाएको हो।

फतुवा विजयपुर कार्यवाहक नगर प्रमुख अम्बेया खातुनले २४लाख ५९हजार ९ सय रकम बराबरको चेक चन्द्रनिगाहपुर वितरण केन्द्रका प्रमुख धिरेन्द्र यादवलाई हस्तान्तरण गरेकी छन्।

फतुवा विजयपुर नगरभित्र आम जनताको बिजुली र पानी निःशुल्क रहेको छ। नगरवासीको बिजुली र पानीको पैसा फतुवा विजयपुर नगरपालिकाले तिर्दै आएको छ।

'फ्री बिजुली, फ्री पानी' कार्यक्रम अन्तर्गत फतुवा विजयपुर नगरपालिकाले गत चालु आर्थिक वर्षको अहिलेसम्म बिजुली र पानी वापतको दुई करोड २५लाख ५० हजार रुपैयाँ रकम प्राधिकरणलाई बुझाइसकिएको प्रमुख प्रशासकीय अधिकृत भरत यादवले बताए।

फतुवा विजयपुर नगरपालिकाले 'फ्री बिजुली, फ्री पानी' कार्यक्रम सञ्चालन गर्दै आएको छ। झण्डै ५ वर्षदेखि जनताको घरायसी मिटर र कृषि मिटरको सम्पूर्ण रकम नगरपालिकाले तिर्दै आएको छ।

# लुम्बिनीमा वन परियोजना लागू भएसँगै उपभोक्तालाई सहज



**सरु भुसाल/मध्यान्ह**
अर्घाखाँची, ९ माघ

लुम्बिनी प्रदेश अन्तर्गत डिभिजन वन कार्यालय अर्घाखाँचीको आयोजनामा सामुदायिक वन उपभोक्ता समुहका पदाधिकारीसँग वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन सम्बन्धी तालिम पाणिनी गाउँपालिकाको दुर्गाफाँटमा सम्पन्न भएको छ।

लुम्बिनी प्रदेश सरकारले वैज्ञानिक वन व्यवस्थापनलाई परिमार्जन गरी वन सम्वर्द्धन प्रणाली लागू गरेपछि अहिले यसको महत्वका विषयमा उपभोक्ताहरुसँग छलफल सुरु भएको हो।

वैज्ञानिक वन व्यवस्थापनको साटो सरकारले संघीय वन ऐनमा संशोधन गरी वन सम्वर्द्धन समावेश गरी वन ऐन २०७९ मा त्यसको व्यवस्था गरेको छ। सोही विषयलाई मनन गर्दै लुम्बिनी प्रदेश सरकारले वन ऐन र नियमावली ल्याएर वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन मापदण्ड २०७९ ल्याएको डिभिजन वन कार्यालय अर्घाखाँचीका सिनियर डिभिजन वन अधिकृत मोहनप्रसाद श्रेष्ठले जानकारी दिए। पाणिनीमा भएको उपभोक्ता समितिका पदाधिकारीहरुसँगको अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्दै सिनियर डिभिजन वन अधिकृत श्रेष्ठले यो अवधारणा लागु भएसँगै अब वन व्यवस्थापन गर्न उपभोक्ता समितिहरुलाई निकै सहज भएको बताए।

उनले जनता र सरकारबीच समन्वय गरेर लिइएको यो अवधारणालाई सफल अवधारणाको रूपमा लिइएको बताए। उनले यसै अवधारणाको आधारमा रहेर नियम कानुनहरूको पालना गर्दै वन सम्वर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन गर्ने दायित्व सबैको रहेको बताए। श्रेष्ठले वनलाई प्रयोग मात्र नभइ उपयोग गर्नुपर्नेमा जोड दिए। उनले अहिलेका पुस्ताको वन पैदावारको माग र सेवालाई परिपूर्ति गर्दै भावी पुस्तालाई पनि आपूर्तिमा असर नपर्ने गरी वन व्यवस्थापन गर्नुपर्ने जिकिर गरे।

कार्यक्रममा डिभिजनल वन कार्यालय अर्घाखाँचीका वरिष्ठ वन अधिकृत गणेश चौधरीले वन सम्वर्द्धन प्रणालीको बारेमा जानकारी दिँदै यस वनमा कार्य योजना बमोजिम यस वर्षबाट पुनरुत्पादन कटान, थिनिङ र पुनरुत्पादन तयारी कटानलगायत वन सम्वर्द्धनका कार्यहरु हुने विषयमा जानकारी दिए। कार्यक्रममा सहायक वन अधिकृत केशव खड्काले समृद्धिका लागि वन अवधारणा लागु भएसँगै अब काठको आपूर्ति सहज हुने बताए।

कार्यक्रममा पाणिनी सब डिभिजन प्रमुख दिपक पाण्डेले सब डिभिजन अन्तर्गत भएका सामुदायिक वनहरुका गतिविधि समृद्धका लागि वन कार्यक्रमका बारेमा जानकारी दिए। यसअघि सरकारले ल्याएको बैज्ञानिक वन व्यवस्थापन लाई २०७७ जेठ १५ गते वैज्ञानिक वन व्यवस्थापन खारेज गरेको थियो। उपभोक्ताहरुको अधिकार कटौती हुनेगरी राज्यले एक्कासी रोक लगाएको भन्दै उपभोक्ताहरुको हक अधिकारको लागि वैज्ञानिक वनको माग गर्दै आन्दोलन समेत भएका बेला सरकारले समृद्धिका लागि वन परियोजना लागू गरेपछि उपभोक्तालाई सहज भएको छ।

मध्यान्ह
www.madhyanhadaily.com
१० माघ २०८१ बिहीबार
23 January 2025, Thursday

## सम्पादकीय

# निन्दनीय निन्दाको राजनीति

नेकपा एमाले पंक्तिको सम्पूर्ण ध्यान यतिबेला पार्टीबाट निस्कासित नेता भीम रावलमाथि आरोप थोपर्नुमा देखिएको छ । रावललाई सार्वजनिक आरोप लगाउने कार्यको नेतृत्व स्वयं प्रधानमन्त्री समेत रहेका अध्यक्ष केपी शर्मा ओलीले गरिरहेका छन् । आफ्ना अध्यक्षलाई साथ दिनेगरी केन्द्रीय पदाधिकारी, केन्द्रीय नेताहरू सहित तल्लो कमिटीका नेताहरूले रावलमाथि अनेक आरोप लगाइरहेका छन् । ओलीलाई सार्वजनिक आरोप लगाउन भीम रावलले पनि ४७ पृष्ठको दस्तावेज नै तयार पारेका थिए । विशेषगरी ०७४ सालको चुनाव यता ओलीले गरेका कमजोरीहरू राष्ट्रघातकै तहमा रहेको निष्कर्ष सहित रावलले आरोपको वर्षा गरेका थिए । ती आरोपहरूको क्रमशः जवाफ दिने हो भने प्रधानमन्त्री ओलीले थुप्रै समय खर्चिनुपर्ने हुन्छ । ओलीमाथि लगाइएका कतिपय आरोपमाथि त गम्भीर छानबीनकै जरूरी पर्छ ।

आफूलाई एमालेबाट निस्कासन गर्ने निर्णय भएपछि भीम रावलले आगामी दिनका निम्ति अलिकति ठाउँ समेत नराखी आरोपका वर्षा गरेका थिए । जसको जवाफमा एमाले नेताहरू खनिएका छन् भने जवाफी आरोपबाटै रावलले छुट्टै पार्टी बनाउने अभियान अगाडि बढाएका छन् । नेपाली राजनीतिमा देखिने यो एउटा उदाहरण घटना मात्रै हो । आन्तरिक कलह विभाजनसम्म लैजाने अनि एकअर्काविरूद्ध भर्त्सनाको राजनीति गर्नु नेपाली राजनीतिको परम्परा नै बनिसकेको छ । विशेषगरी कम्युनिष्ट नेताहरूमा कठिन शब्द प्रयोग र आरोप लगाउने समस्या छ । कतिसम्म भने कम्युनिष्ट पार्टीका संस्थापक महासचिव पुष्पलाललाई नै गद्दार घोषणा गर्न समेत नेताहरू पछि परेनन् ।

परिणाम भने कम्युनिष्ट आन्दोलनमा विभाजन सामान्य प्रक्रिया जस्तै बनिरहेको छ । २०७४ सालको चुनावपछि नेकपाको नाममा एकताबद्ध बनेकै नेताहरू अहिले अनेक पार्टीका नाममा सक्रिय छन् । नेताहरूबीच आरोपकै राजनीतिका कारण नेकपाको एकता भंग भएर अहिले एमाले, माओवादी केन्द्र, एकीकृत समाजवादी, राष्ट्रिय एकता अभियान, आजपा लगायत पार्टीहरू अस्तित्वमा छन् । कम्युनिष्टहरूको रोग गैरकम्युनिष्ट पार्टीहरूमा पनि देखिन्छ । विशेषगरी मधेश केन्द्रीत दलहरूबीच एकता–विभाजनको रोग बढी छ । एकता–विभाजनकै कारण राजनीतिक अस्थिरताले निरन्तरता पाइरहेको विश्लेषण गर्न सकिन्छ । किनकि सार्वजनिक आरोप लगाउने र निषेधको नीति अपनाउने नेताहरू एकअर्कालाई सिध्याउन सधैं सत्ता स्वार्थमा आधारित राजनीति गरिरहेका छन् । त्यसैले अब भन्न ढिलाइ भइसकेको छ– निन्दाको राजनीति निन्दनीय छ ।

# राजनीति र युवाको पलायन

अग्रलेख



● सन्देश अर्याल

नेपालमा युवा पलायनको समस्या पछिल्ला वर्षहरूमा अत्यन्त गम्भीर बन्दै गएको छ । देशको अर्थतन्त्र, सामाजिक संरचना र राजनीतिक स्थायित्वमा यसले गहिरो प्रभाव पारेको छ । विकासको मेरुदण्ड मानिने युवा शक्ति जब आफ्नै देश छोडेर विदेशिने क्रम बढ्छ, तब त्यसले दीर्घकालीन रूपमा प्रगतिमा अवरोध पुऱ्याउँछ । यस प्रवृत्तिको मुख्य कारणमध्ये एक हो, राजनीतिक अस्थिरता । जसले युवाहरूलाई आफ्नो भविष्यप्रति निराश बनाएको छ ।

नेपालले लामो समयदेखि राजनीतिक अस्थिरताको सामना गरिरहेको छ । बारम्बार सरकार परिवर्तन, कमजोर प्रशासनिक व्यवस्था र नीति निर्माणमा दीर्घकालीन दृष्टिकोणको अभावले गर्दा देशमा आर्थिक अवसरहरू सीमित भएका छन् । विकासका ठूला योजना राजनीतिक खिचातानीका कारण कार्यान्वयन हुन नसक्दा बढ्दो बेरोजगारीसँगै युवाहरू आफ्ना सपनाहरू साकार पार्न विदेश जान बाध्य भएका छन् । यसबाहेक, युवाहरूमा आफ्नो क्षमताको सही मूल्यांकन नहुने र देशभित्रै सम्भावना खोज्ने अवसर नपाउने अवस्था पनि सिर्जना भएको छ । राजनीतिक अस्थिरताको कारण उत्पादनशील क्षेत्रहरू जस्तै– कृषि, उद्योग र पर्यटनमा लगानी कमजोर भइरहेको छ । यसको परिणामस्वरूप, दक्ष र मेहनती युवा शक्ति विदेशमा रोजगारीका लागि पलायन हुने प्रवृत्ति बढिरहेको छ ।

युवाहरूको पलायनले देशलाई आर्थिक रूपमा परनिर्भर बनाउँदै लगेको छ । रेमिट्यान्सले अस्थायी राहत दिए पनि दीर्घकालीन प्रभावहरू गम्भीर छन् । आज देशको समग्र विकास प्रक्रियामा पनि जसको गम्भीर असरहरू देखिन थालेका छन् । युवा पलायनको अन्त्यका लागि सशक्त राजनीतिक नेतृत्व र दीर्घकालीन सोच अहिलेको मुख्य आवश्यकता हो ।

### युवा पलायनका कारणहरू

नेपालमा युवा पलायनका धेरै पक्षहरू छन्, जसमा आर्थिक, सामाजिक र राजनीतिक कारणहरू मुख्य रूपमा जोडिएको पाइन्छ । जसलाई यहाँ चर्चा गर्ने प्रयास गरिएको छ ।

**राजनीतिक अस्थिरता** : लामो समयदेखिको राजनीतिक अस्थिरता र नीतिगत अन्योलताले देशभित्र लगानीको वातावरण सिर्जना हुन सकेको छैन । युवाहरूको विश्वास राजनीतिक प्रणालीप्रति घट्दै गएको छ । उनीहरूलाई लाग्छ, नेपालमा अवसर खोज्नु भन्दा विदेश जानु नै उचित विकल्प हो ।

**रोजगारीको अभाव** : नेपालमा रोजगारीका अवसर सीमित छन् । कृषिमा आधारित अर्थतन्त्र र औद्योगिक विकासको कमीले गर्दा युवाहरू विदेश जान बाध्य भएका छन् । खाडी देश र मलेसियाजस्ता देशहरूमा शारीरिक श्रममार्फत रोजगारी खोज्ने क्रम अत्यधिक छ ।

**शिक्षा** : नेपालको शैक्षिक प्रणाली रोजगारमुखी छैन । प्रविधि, व्यवसाय र उद्यमशीलतालाई प्राथमिकता दिने शिक्षाको अभावमा युवाहरूले विदेशमा गुणस्तरीय शिक्षा र उज्ज्वल भविष्यको खोजी गरिरहेका छन् ।

**सामाजिक कारण** : नेपाली समाजमा विदेश जाने, राम्रो आम्दानी गर्ने र परिवारलाई आर्थिक सहयोग गर्ने मानसिकता गहिरो छ । सामाजिक प्रतिष्ठासँग विदेशमा कमाइ जोडिने भएकाले पनि युवाहरूको विदेश मोह बढेको छ ।

### राजनीति र युवा पलायन

नेपालको राजनीतिले युवा पलायनलाई नरोक्नुका साथै कतिपय अवस्थामा प्रोत्साहन गरेको जस्तो देखिन्छ । राजनीतिक अस्थिरता र कुशासनले गर्दा युवाहरूले देशमा भविष्य सुरक्षित देखेका छैनन् । मुख्यगरी राजनीतिसँग भ्रष्टाचार जोडिएको छ । भ्रष्टाचारले विकासका सम्भावनाहरू नष्ट गरेको छ । रोजगारी सिर्जना गर्ने परियोजनाहरूमा घोटाला र अनियमितताले गर्दा युवाहरूको भरोसा हराउँदै गएको छ ।

यसैगरी, लगानीकर्ताहरूलाई प्रोत्साहित गर्ने दीर्घकालीन नीति नहुँदा रोजगारीका अवसरहरू सीमित छन् । उद्योग, पर्यटन र सूचना प्रविधिजस्ता सम्भावना भएका क्षेत्रहरूमा सरकारले आवश्यक ध्यान दिन सकेको छैन । युवाहरूलाई निर्णय प्रक्रियामा संलग्न गराउने कार्यक्रमको कमीले उनीहरूलाई राजनीतिक प्रणालीबाट विमुख बनाएको छ । राजनीतिमा पहुँच र सम्बन्धकै आधारमा अवसर उपलब्ध हुने भएकाले धेरै युवा यसप्रति निराश छन् ।



> युवाको पलायन मुलुकका लागि ठूलो दुर्भाग्यको विषय हो । यसले रेमिट्यान्समार्फत तत्कालिनरूपमा राहत दिए पनि दीर्घकालिनरूपमा गम्भीर समस्याहरू सिर्जना गरिरहेको छ । एकातिर मुलुकलाई परनिर्भताको खाडलमा लैजाँदै छ भने अर्कोतिर समाजमा ठूलो विग्रहको अवस्था बनाएको छ । परिवार टुटफुट हुने विषय आज सामान्य बनेका छन् ।

### युवाको पलायनका प्रभावहरू

युवाको पलायन मुलुकका लागि ठूलो दुर्भाग्यको विषय हो । यसले देशलाई रेमिट्यान्समार्फत तत्कालिनरूपमा आर्थिक राहत दिए पनि दीर्घकालिनरूपमा समस्याहरू सिर्जना गरिरहेको छ । युवा पलायनसँगै श्रम शक्तिको कमीले कृषि, उद्योग र अन्य क्षेत्रहरूमा उत्पादन क्षमता घटेको छ भने मुलुक सबै हिसाबले परनिर्भरताको अवस्थामा जान थालेको छ । परिवार टुटफुट हुने र पारिवारिक सम्बन्धमा असर पर्ने समस्या सामान्य बनेका छन् । आज समाजमा आएको विग्रहको कारण पनि युवाको पलायन हो ।

सँगै, युवा शक्तिको विदेश पलायनले देशभित्र नेतृत्वको अभाव सिर्जना गरेको छ । युवा पलायनले राजनीतिक नेतृत्वलाई जिम्मेवार बनाउन दबाब दिन सक्ने प्रमुख जनशक्तिलाई कमजोर बनाएको छ । विदेशमा रहेका युवाहरूको मताधिकार सीमित हुँदा उनीहरूको राजनीतिक आवाज पनि दबिएको छ । आज किन बुढा पुस्ताले मात्रै नेतृत्वमा हैकम जमाएका छन् भन्ने प्रश्नको उत्तर युवाको पलायनको स्थितिबाट भेटिन्छ ।

### समाधान र सम्भावना

युवाको पलायन निकै गम्भीर खालको समस्या हो । यो रोक्न राजनीतिक, सामाजिक र आर्थिक तहमा ठोस कदम चाल्नु आवश्यक छ । मुख्यगरी आर्थिक, सामाजिक, राजनीतिकलगायतका क्षेत्रमा परिवर्तनको ठूलो खाँचो देखिन्छ । रोजगारी सिर्जना गर्न उद्योग र व्यापारलाई प्रोत्साहन गर्ने नीति अति आवश्यक छ । कृषि, पर्यटन र सूचना प्रविधिमा युवाहरूलाई सहभागी गराइने नीति ल्याउनुपर्छ । सँगै, राजनीतिक स्थायित्व र कुशासनको अन्त्य गरिनुपर्छ । युवा नेतृत्वलाई प्रोत्साहन गर्दै उनीहरूको राजनीतिक सहभागिता सुनिश्चित गर्नुपर्छ ।

आजको मुख्य समस्या बेरोजगार उत्पादन गर्ने शिक्षा प्रणाली पनि हो । रोजगारमुखी र व्यावसायिक शिक्षा प्रणाली लागू गर्नुको विकल्प छैन । युवाहरूलाई उद्यमशीलता र नवप्रवर्तनका लागि आवश्यक सीप र स्रोत उपलब्ध गराउनुपर्छ । साथै, विदेश जानु मात्र समाधान होइन भन्ने सन्देश फैलाउनु आवश्यक छ । देशभित्रै केही गर्न सकिन्छ भन्ने प्रेरणा र वातावरण निर्माण गर्नुपर्छ ।

### निष्कर्षमा,

युवा पलायन नेपालको वर्तमान र भविष्यको एक गम्भीर चुनौती हो । राजनीतिक स्थायित्व, रोजगारीका अवसरहरू र कुशासनको अन्त्य गर्न नसकेसम्म यो समस्या समाधान हुने देखिँदैन । देशको विकासका लागि युवा शक्तिलाई देशमै उपयोग गर्ने वातावरण निर्माण गर्नु अपरिहार्य छ । यसका लागि सरकार, समाज र निजी क्षेत्रले संयुक्तरूपमा प्रयास गर्नुपर्छ । युवाहरू देशको प्रमुख सम्पत्ति हुन् र उनीहरूको सहभागिताबिना राष्ट्रको समृद्धि असम्भव छ ।

युवा पलायनले नेपाललाई दीर्घकालीन रूपमा आर्थिक, सामाजिक र सांस्कृतिक असर पुऱ्याएको छ । विदेशी रोजगारका कारण रेमिट्यान्सले आर्थिक राहत दिएको भए पनि देशभित्र उत्पादनशील जनशक्तिको कमीले उद्योग, कृषि र अन्य क्षेत्रको विकासमा अवरोध पुऱ्याएको छ । यसले आत्मनिर्भरतालाई कमजोर बनाउँदै आयातमुखी अर्थतन्त्रलाई प्रोत्साहन दिएको छ । सामाजिक दृष्टिकोणले, युवाहरूको विदेश पलायनले परिवारमा बिछोड, सामाजिक संरचनाको क्षयीकरण र पारिवारिक सम्बन्धमा खाडल उत्पन्न गरेको छ । यसले मानसिक स्वास्थ्य र बालबालिकाको पालनपोषणमा समेत चुनौती थपेको छ । त्यसैले, युवा पलायनको समस्याको समाधानका लागि दीर्घकालीन रणनीति आवश्यक छ । देशभित्र रोजगारीका अवसर सिर्जना, राजनीतिक स्थिरता कायम र युवा उद्यमशीलताको प्रवर्द्धनमार्फत मात्र यो समस्या समाधान गर्न सकिन्छ । युवाहरू देशकै समृद्धिका आधार स्तम्भ हुन् र उनीहरूको भविष्यप्रति लगानी गर्नु नै राष्ट्र निर्माणको मुख्य उपाय हो ।

## इतिहासमा आज

२३ जनवरी १५७१ मा लन्डनमा महारानी एलिजाबेथ प्रथमले रोयल एक्सचेन्जको शुभारम्भ गरेकी थिइन् ।



२३ जनवरी १९५७ मा भारतीय राजनीतिज्ञ वी.के. कृष्ण मेननले कश्मीरबारे भारतको अडानलाई बचाउ गर्दै संयुक्त राष्ट्र संघको इतिहासमा सबैभन्दा लामो भाषण (८ घण्टा) दिएका थिए ।



२३ जनवरी १९९६ मा जाभा कम्प्युटर प्रोग्रामिङ भाषाको पहिलो संस्करण जारी गरिएको थियो ।




२३ जनवरी २०२० मा चीनले कोभिड-१९ महामारीको केन्द्रबिन्दु ९० लाख जनसंख्या भएको वुहान सहरमा लकडाउन गरेको थियो ।



## सामाजिक सञ्जाल



**सेतेमान तामाङ**

विगतको नेतृत्वसँग विचार नभए पनि योगदान/नैतिकता थियो तर, अहिलेको नेतृत्वसँग न विचार, न नैतिकता, न योगदान । उहीँ स्वार्थको लागि लम्पसार र गुटबन्दीको गणना गर्दै षड्यन्त्र बुन्ने बाहेक अरू बाँकी केही रहेन । विचार, नैतिक, योगदान विहीनहरूको भविष्य छिटपुट भए पनि देशको भविष्य चाहिँ निश्चित हुँदैन ।



**प्रेमकान्त अधिकारी**

अर्थतन्त्र सुधारियो रे ! कस्तो सुधार हो, सुध्रिएको कता हो, कति प्रतिशत सुधारियो, सुधारिएको संकेत के हो ? सुधारिएका कुरालाई पारदर्शी सार्वजनिक गर्न मिल्ने हो कि होइन ? अर्थमन्त्रीलाई मन गढन्ते सुध्रिएको हो कि साँच्चै नै सधैंको लागि सुध्रिएको हो ? सही हो भने शुभ होस् है !



**उपेन्द्र सापकोटा**

अध्यादेशमा यो आए ठिक, त्यो आए बेठिक भन्ने तिर अलमलिने हो की संसदको आयु दुरुस्त छँदा छँदै जनप्रतिनिधिको छलफल बिना कानुन ल्याइने संस्कारबारे बहस हुनुपर्ने हो ? लोकतान्त्रिक पद्धतिको कुरा गर्दै गर्दा कतै न कतै कहीँ हामी आफैंमा 'बेनोभेलेन्ट डिक्टेटर'को चाहना फैलिँदै गएको त हैन ?



**राज ढकाल**

हाल जारी भएका अध्यादेश काम गर्न ल्याएका अध्यादेश हुन । छलछामका अध्यादेश भए त पार्टी फुटाउने अध्यादेश आउँथे । विपक्षले विरोध गर्नु चाहिँ उसको धर्म नै हो । सरकारले एक्सनमा काम चाहिँ गर्न खोजेको छ है ! गर्न खोज्नु नै सकारात्मक पक्ष हो ।

# सूचना प्रविधिमा कहाँ छ नेपाल ?

विचार



● ईश्वर बुढाथोकी

> नेपालमा सूचना प्रविधिको विकासले थुप्रै सम्भावना बोकेको छ । आईटी क्षेत्रले विदेशी मुद्रा आर्जन गर्न ठूलो भूमिका खेल्न सक्छ । डिजिटल सेवामार्फत स्वास्थ्य, शिक्षा र सरकारी सेवा पुऱ्याउन सकिन्छ । स्टार्टअप संस्कृति प्रवर्द्धन गरेर नयाँ रोजगार सिर्जना गर्न सकिन्छ । नेपाललाई आईटी हबको रूपमा विकास गर्न विदेशी लगानी आकर्षित गर्न सकिन्छ ।

नेपालमा सूचना प्रविधि (आईटी) क्षेत्रले पछिल्ला वर्षहरूमा उल्लेखनीय प्रगति गरिरहेको छ । सरकारी नीति, निजी क्षेत्रको लगानी र जनसाधारणको चासोले गर्दा यो क्षेत्रले राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण स्थान बनाउन थालेको छ । नेपाल जस्तो विकाशशील मुलुकका लागि सूचना प्रविधि केवल आर्थिक सम्भावना मात्र नभई सामाजिक विकासको प्रमुख साधन पनि बन्न सक्छ ।

नेपालमा सूचना प्रविधिको विकास तुलनात्मक रूपमा ढिलो भए पनि पछिल्लो एक दशकमा यसले तीव्र गति लिएको पाइन्छ । इन्टरनेट पहुँच विस्तारसँगै डिजिटल सेवाहरूले ग्रामीण तथा शहरी क्षेत्रमा समानरूपले प्रभाव पार्न थालेका छन् । नेपाल टेलिकम र एनसेलजस्ता सेवा प्रदायकहरूले देशभर इन्टरनेट विस्तारमा योगदान पुऱ्याइरहेका छन् ।

शैक्षिक क्षेत्रमा पनि सूचना प्रविधिको प्रयोग बढ्दो छ । विशेषगरी विद्यालय र विश्वविद्यालयहरूमा डिजिटल उपकरण तथा अनलाइन शिक्षाको पहुँचले शैक्षिक गुणस्तरमा सुधार ल्याएको छ । साथै, बैंकिङ र वित्तीय क्षेत्रमा मोबाइल बैंकिङ र ई-पेमेन्ट प्रणालीले जनताको जीवन सहज बनाएको छ ।

तर, सूचना प्रविधिको विकासमा समस्या पनि छन् । देशका दुर्गम भेगमा इन्टरनेट सेवा पुऱ्याउन चुनौतीहरू छन् । साथै, जनसंख्याको ठूलो हिस्सा अझै पनि डिजिटल साक्षरताबाट वञ्चित छ ।

नेपाल सरकारले सूचना प्रविधिको विकासका लागि थुप्रै नीतिगत कार्यक्रमहरू अघि सारेको छ । 'डिजिटल नेपाल फ्रेमवर्क' सरकारको महत्वपूर्ण परियोजना हो, जसले सूचना प्रविधिलाई मुख्य प्राथमिकतामा राख्दै अर्थतन्त्र, शिक्षादेखि सार्वजनिक सेवा सबै क्षेत्रमा यसको उपयोग गर्ने उद्देश्य राखेको छ ।

